**आकाशवाणी समाचार- नेपाली**

मितिः १५ जून २०२६

समयः १६:५० - २०:०० बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधान मन्त्री नरेन्द्र मोदी र उहाँको समकक्षी रोबर्ट फिकोबीच आज स्लोभाकियाको राजधानी ब्राटिस्लाभामा भेटवार्ता हुनेछ।
- 52 औ जी-7 शिखर सम्मेलन आज देखि फ्रांसको एवियान शहरमा शुरू हुदैछ । तीन दिवसीय उक्त सम्मेलनमा जी-7 सदस्य देश- फ्रांस, अमरीका, ब्रिटेन, कनाडा, जर्मनी, इटली र जापानले भाग लिने छन् ।
- उत्तर प्रदेशको गौतमबुद्ध नगरस्थित जेवर स्थित नोएडा अन्तर्राष्ट्रिय विमान स्थलबाट आजदेखि वाणिज्यिक उडान सेवा आज शुरू हुने भएको छ ।
- CID ले हिज तृणमूल कांग्रेसका सांसद अभिषेक बनर्जी सित पार्टी विधायकहरुको हस्ताक्षर धोखाधड़ीको मामिलमा पूछताछ गरेको छ ।
- राष्ट्रीय परीक्षा एजेंसी- एन.टी.ए ले स्नातक चिकित्सा पाठ्यक्रममा प्रवेशको लागि नीट-यूजी पुनःपरीक्षा को प्रवेश-पत्र जारी गरेको छ ।

**पीएम- स्लोवाकिया**

प्रधान मन्त्री नरेन्द्र मोदी र उहाँको समकक्षी रोबर्ट फिकोबीच आज स्लोभाकियाको राजधानी ब्राटिस्लाभामा भेटवार्ता हुनेछ। प्रधानमन्त्री मोदीले स्लोभाकियाका राष्ट्रपति पिटर पेलेग्रिनी सित पनि भेटवार्ता गर्ने कार्यक्रम रहेको छ । प्रधान मन्त्री मोदी फ्रान्स पछि आफ्नो दोस्रो चरणको स्लोभाकियाको दुई दिने भ्रमणको लागि हिजो राति ब्राटिस्लाभा पुग्नु भएको थियो । उहाँले भन्नुभयो, यस भ्रमणले दुई देशहरूबीचको सम्बन्धलाई अझ सुदृढ बनाउनेछ र सहयोगका नयाँ क्षेत्रहरूबारे छलफल गर्नेछ। एक सामाजिक सञ्जाल पोष्टमा श्री मोदीले भन्नुभयो, उहाँ स्लोभाकियाका राष्ट्रपति र प्रधानमन्त्रीसँग रचनात्मक वार्तालाप गर्न उत्सुक हुनुहुन्छ।

1993 मा स्लोभाकिया स्वतन्त्र भए पछि कुनै पनि भारतीय प्रधानमन्त्रीको यो पहिलो स्लोभाकिया भ्रमण हो। राष्ट्रपति द्रौपदी मुर्मुले गत वर्ष अपरेलमा स्लोभाकियाको भ्रमण गर्नु भएको थियो | स्लोभाकियाका राष्ट्रपति पिटर पेलेग्रिनी यसै वर्षको फरवरीमा ए.आई इम्प्याक्ट शिखर सम्मेलनमा भाग लिन भारत आउनु भएको थियो । प्रधान मन्त्री मोदीको भ्रमणले व्यापार, निवेश, आटोमोबाइल अनि रेलवे विनिर्माण सहित विभिन्न क्षेत्रहरूमा स्लोभाकिया सित द्विपक्षीय सम्बन्ध सुदृढ गर्ने भारतको प्रतिबद्धतालाई पुनः पुष्टि गर्दछ। हिज ब्राटिस्लावामा श्री मोदीको भव्य अनि पारंपरिक स्वागत-सत्कार गरिएको थियो ।

**ब्राटिस्लावाबाट हाम्रो संवाददाताको एक रिपोर्ट....**

**पीएम-जी-7**

52 औ जी-7 शिखर सम्मेलन आज देखि फ्रांसको एवियान शहरमा शुरू हुदैछ । तीन दिवसीय उक्त सम्मेलनमा जी-7 सदस्य देश- फ्रांस, अमरीका, ब्रिटेन, कनाडा, जर्मनी, इटली र जापानले भाग लिने छन् । यूरोपीय संघ अनि यूरोपीय आयोगका अध्यक्ष पनि सम्मेलनमा शामिल हुने छन् । यसको साथै फ्रांसले भारत, ब्राजील, मिस्र, केन्या, दक्षिण कोरिया, कतर, सउदी अरब, सीरिया, यूक्रेन र संयुक्त अरब अमीरातलाई संपर्क साझेदार देशको रूपमा आमंत्रित गरेको छ । भारत 13 औ पटक यस सम्मेलनमा साझेदार देशको रूपमा शामिल हुदैछ । प्रधानमंत्री नरेन्द्र मोदीले भोलि संपर्क सत्रमा भाग लिनु हुनेछ । जी-7 शिखर सम्मेलनमा उहाँको भागीदारीले, वैश्विक भू-राजनीतिमा भारतको महत्वपूर्ण भूमिका रेखांकित गर्दछ करती है। भारत प्रमुख आर्थिक महाशक्ति, विश्वको लागि राजनयिक सेतु तथा हिंद- प्रशांत क्षेत्रमा रणनीतिक सहयोगीको रूपमा जी-7 संगठनको लागि लिए महत्वपूर्ण छ

।यस शिखर सम्मेलनमा शमिल भएर भारतले अल्पविकसित साथै विकासशील देशहरुको हितको रक्षाको लागि प्रतिनिधित्व गर्न सक्नेछ | यसको साथै उसको पहुंच उन्नत प्रौद्योगिकी सम्म हुन् सक्नेछ र रणनीतिक साझेदारी पनि बलियो हुनेछ।
शिखर सम्मेलन हुन लागेकोयस्तो समय हुन् लगेको छ जब विश्व भू-राजनीतिक तनाव र आर्थिक अस्थिरताको चपेटामा परेको छ र नयाँ प्रविधिहरू द्रुत गतिमा विकसित भइरहेका छन्।

सुन्नुहोस हाम्रो संवाददाताको रिपोर्ट -

**पीएम- महाराष्ट्र हादसा**

प्रधानमंत्री नरेंद्र मोदीले महाराष्ट्रको सोलापुर ग्रामीण क्षेत्रमा भएको एक हादसा प्रति दुख प्रकट गर्नु भएको छ। एक सोशल मीडिया पोस्टमा, श्री मोदीले यस दुखको घड़ीमा उहाँको संवेदना पीड़ित परिवारहरु सित रहेको बताउनु भएको छ | यसको साथै उहाँले घाइतेहरुको शिघ्र स्वस्थ लाभको कामना गर्नु भएको छ। प्रधानमंत्रीले मृतकहरुको परिजनलाई प्रधानमंत्री राष्ट्रीय राहत कोषबाट दुइ दुइ लाख रुपियाको अनुग्रह राशि प्रदान गर्ने घोषणा गर्नु भयो। उहाँले घाइतेहरुको उपचारको लागि 50-50 हजार रुपियाँ प्रदान गरिने पनि बताउनु भयो।

**विदेश मंत्रालय ब्रीफिंग**

14 जून, 2026 मा प्रधान मन्त्री नरेन्द्र मोदीको यात्रा र फ्रान्सको नाइसमा फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रों सितको वार्ताको परिणामबारे विदेश मंत्रालयले विशेष ब्रिफिङ गर्यो। ब्रिफिङमा 'भारत-फ्रान्स इनोभेसन रोडम्याप 2030 र आर्टिफिशियल इंटेलिजेंस, इनोवेशन, व्यापार, रणनीतिक प्रौद्योगिकी, अन्तरिक्ष, रक्षा र शिक्षाको क्षेत्रमा सहयोगलाई सुदृढ पार्ने उद्देश्यले पहलहरूको प्याकेज अपनाउने कुरामा जोड दिइएको थियो। ब्रिफिङलाई विदेश सचिव विक्रम मिश्रीले सम्बोधन गर्नु भएको थियो। ब्रिफिङ अवधि युरोप पश्चिमका अतिरिक्त सचिव जावेद अशरफ, आधिकारिक प्रवक्ता रणधीर जैसवाल र फ्रान्सका लागि भारतीय राजदूत सञ्जीव सिंगला पनि उपस्थित थिए।
ब्रीफिंग अवधि, विदेश सचिवले 'भारत-फ्रांस इनोवेशन रोडमैप 2030' लाई यात्राको एक महत्त्वपूर्ण परिणाम बताउनु भयो। यसको उद्देश्य महत्त्वपूर्ण अनि उदयमान तकनीहरु, आर्टिफिशियल इंटेलिजेंस, स्टार्टअप्स, रिसर्च र एकेडमिक आदान-प्रदानमा सहयोगलाई अझ सुद्रिड बनाउनु हो। उहाँले AI गवर्नेंस माथि एक संयुक्त भारत-फ्रांस AI वर्किंग ग्रुप बनाउने अनि एन.एस.टी.आई (NSTI) कानपुरमा एयरोनॉटिक्स अनि यस सित संलग्न क्षेत्रहरुमा कौशल विकासको लागि एक 'नेशनल सेंटर ऑफ एक्सीलेंस' स्थापित गर्न माथि पनि जोर दिनु भयो।
प्रेस वार्तामा फ्रांसमा यूपीआई (UPI) सेवाहरुको विस्तार, 'स्टेशन F'मा भारतीय स्टार्टअप्सको लागि इनक्यूबेशन सपोर्ट, 'सेंटर ऑफ डिजिटल साइंसेज' को स्थापना, 'इकोनॉमिक सिक्योरिटी डायलॉग' को शुरुआत, हेल्थ डेटा गवर्नेंस, रेलवे अनि मानव अंतरिक्ष उड़ानमा सहयोग, तथा अघिलो पांच वर्षमा द्विपक्षीय व्यापारलाई दोब्बर बनाउने लक्ष्य हासिल गर्न एक 'हाई-लेवल एनुअल मैकेनिज्म' (उच्च-स्तरीय वार्षिक तंत्र) माथि पनि प्रकाश पर्नु भयो।यी परिणामहरूलाई भारत-फ्रान्स विशेष वैश्विक रणनीतिक साझेदारीलाई अगाडि बढाउने दिशामा एक महत्त्वपूर्ण कदमको रूपमा हेरिएको थियो, जसमा नवीनता-आधारित विकास र प्राविधिक सहयोगमा विशेष ध्यान दिइएको थियो।

**ओमान दूतावास निशांत**

ओमानस्थित भारतीय दूतावासले स्थानीय अधिकारीहरू, पोर्ट अधिकारीहरू र ओमानको सिपिङ कम्पनीसँग निरन्तर सम्पर्कमा रहेको बताएको छ। यो घटना भारतीय नागरिक निशान्त उर्थानाथन सित सम्बन्धित छ, जसको एम.टी सेलेस्टियल जहाजमा बिमारीका कारण मृत्यु भएको थियो। दूतावासले सामाजिक सञ्जालमा निशान्त उर्थनाथनको शव बोकेको जहाज एमटी सेलेस्टियल डुक्म पोर्ट पुगेको बताएको छ। ओमानका सम्बन्धित अधिकारीहरू जहाजमा जानेछन् र शव उतारने आवश्यक प्रक्रिया पूरा गर्नेछन्। मिसनले बन्दरगाहमा प्रक्रिया सहज बनाउन आवश्यक सबै व्यवस्था गरेको छ। मिसन परिवारसँग सम्पर्कमा छ र शवलाई चाँडोभन्दा चाँडो भारत ल्याउनका लागि सबै आवश्यक औपचारिकतामा सहयोग गरिरहेको छ।

**जेवर एयरपोर्ट - पहली उडान**

उत्तर प्रदेशको गौतमबुद्ध नगरस्थित जेवर स्थित नोएडा अन्तर्राष्ट्रिय विमान स्थलबाट आजदेखि वाणिज्यिक उडान सेवा आज शुरू हुने भएको छ। इन्डिगोको पहिलो उडान लखनऊबाट बिहान सात बजे उड्नेछ र आठ पाँच मिनेटमा नोएडा अन्तर्राष्ट्रिय विमानस्थल पुग्नेछ। यसपछि नोएडाबाट बेंगलुरुको लागि पहिलो नियमित व्यावसायिक उडान हुनेछ।
जेवर विमान स्थलबाट पहिलो उडान बिहान आठ बजे सुरु हुनेछ। पहिलो उडान लखनउमा जेवरका विधायक धीरेन्द्र सिंह सहित 20 महिला अनि 172 किसानहरू रहनेछन्। यी ती किसानहरु हुन्, जसको जग्गा विमानस्थलका लागि अधिग्रहण गरिएको थियो। किसानहरूले लखनउमा मुख्यमन्त्री योगी आदित्यनाथ सित भेट गर्नेछन्।
प्रधानमंत्री नरेन्द्र मोदीले यस वर्ष 28 मार्चमा जेवर हवाई अड्डेको उद्घाटन गर्नु भएको थियो।
हवाई अड्दाको लागि लगभग एक हजार तीन सय 34 हेक्टेयर जमीन अधिग्रहित गरिएको थियो। 25 नवम्बर 2021 मा प्रधानमंत्री मोदीले हवाई अड्दाको शिलान्यास गर्नु भएको थियो।
सरकार 12 वर्ष- आधारभूत संरचना

प्रधानमन्त्री नरेन्द्र मोदीको दूरदर्शी नेतृत्वमा देशले पछिलो 12 वर्षमा सबका साथ, सबका विकास, सबका विश्वास र सबका प्रयासको सिद्धान्तमा उल्लेखनीय प्रगति गरेको छ। यस अवधिमा सरकारले गरिब, किसान, महिला र युवाहरूको कल्याण अनि सशक्तिकरणका लागि धेरै महत्त्वपूर्ण योजनाहरू शुरू गर्यो। आकाशवाणी समाचारले यस अवसरको उपलक्ष्यमा 12 साल विश्वास के, विकास के, जनकल्याण है नामक विशेष शृङ्खलाको प्रसारण गरिरहेको छ। आज हामी 2047 सम्ममा विकसित भारत बनाउने लक्ष्य पूरा गर्न आधुनिक आधारभूत संरचना निर्माण गर्ने सरकारको प्रयासमा केन्द्रित हुनेछौं।

Byte

**पश्चिम बंगाल-सीआईडी**

अपराध जांच विभाग (CID) ले हिज तृणमूल कांग्रेसका सांसद अभिषेक बनर्जी सित पार्टी विधायकहरुको हस्ताक्षर धोखाधड़ीको मामिलमा कथित रुपमा शामिल भएको विषयमा लिएर नौ घण्टा भन्दा अधिक समयको लागि पूछताछ गर्यो। सूत्र अनुसार, एजेंसीले कोलकातामा सीआईडी (CID) मुख्यालय भवानी भवनमा तृणमूल कांग्रेसक विधायक कुणाल घोष अनि अभिषेक बनर्जी सित आमने-सामने पूछताछ गर्यो। कुणाल घोष सित तीन घण्टा भन्दा अधिक ज़्यादा समय सम्म पूछताछ गरिएको थियो।

**एनटीए-नीट प्रवेश पत्र**

राष्ट्रीय परीक्षा एजेंसी- एन.टी.ए ले स्नातक चिकित्सा पाठ्यक्रममा प्रवेशको लागि नीट-यूजी पुनःपरीक्षा को प्रवेश-पत्र जारी गरेको छ। प्रवेश पत्र एन.टी.ए को आधिकारिक वेबसाइट neet.nta.nic.in बाट डाउनलोड गर्न सकिनेछ। परीक्षा 21 जून को दिन दिउसो 2 बजे देखि साझ पांच बजेर 15 मिनट सम्म चल्नेछ।

**********